# लेखापरीक्षण प्रतिवेदन

# खैरहनी नगरपालिका, चितवन

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## खैरहनी नगरपालिका, चितवन

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/199

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
खैरहनी, चितवन ।

## कैफियत सहितको राय

हामीले खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यो नगरपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.२५ करोड ७७ लाख ६१ हजार,

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.८१ लाख ४५ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रू.२ करोड ५७ लाख ७३ हजार समेत गरी रू.२९ करोड १६ लाख ७९ हजार समावेश गरेको छैन ।

२. यो नगरपालिकाको रु.२ अर्व ५६ करोड ७९ लाख ८१ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ९८ लाख ८८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ करोड ८२ लाख २७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.४ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३० लाख ७८ हजार, नियमित गर्नुपर्ने रु.५७ लाख ३६ हजार र पेस्की बाँकी रु.२३ लाख ८२ हजार रहेको छ । गत वर्षसम्म रु.११ करोड ८४ लाख ९३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१२ करोड ८५ लाख ३ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. यो नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

### बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | १३३ | २,९८,८८,०८६ | ० | ७७ | १,८२,२७,३२२ | ० | ५९ | ५६ | १,१६,६०,७६४ | ४,६५,०५० | ५७,३५,४२५ | ३०,७८,२०३ | ० | ० | ८८,१३,६२८ | २३,८२,०८५ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चितवन | ११,८४,९२,५५७ | ० | १६,५०,००० | ११,६८,४२,५५७ | ० | १,१६,६०,७६४ | १२,८५,०३,३२१ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३२ | शिक्षा तर्फ | १०,२०,८६० |
| २ | २०८०/८१ | ४४ | बढी भुक्तानी | ७६,००० |
| ३ | २०८०/८१ | ३६ | प्राविधिक ग्रेड | ३०,२५४ |
| ४ | २०८०/८१ | ४५ | प्रशिक्षण भत्ता | ५६,७८० |
| ५ | २०८०/८१ | ५८ | पेश्की बाँकी | २५,४४,५०० |
| ६ | २०८०/८१ | ५२ | पारीश्रमिक कर | ३९,७३० |
| ७ | २०८०/८१ | ३४ | कार्यक्रम अनुगमन | ४,०४,६०० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ४९ | अनुगमन भत्ता | ३४,८५० |
| ९ | २०८०/८१ | ३९ | २० प्रतिशत सहभागीता | ३२,५०० |
| १० | २०८०/८१ | २.५ | वित्तीय बिबरणको परीक्षण | १,३९,५९,१९८ |
| ११ | २०८०/८१ | १९ | न्यायिक समिती भत्ता | २८,०५० |
| १२ | २०७९/८० | २५ | पेश्की | १६,५०,००० |
| जम्मा | | | | १,९८,७७,३२२ |

# (८०३३१४०२३०० - खैरहनी नगरपालिका, चितवन )

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता उत्तरदायित्व पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १३ वडा रहेको छ भने क्षेत्रफल ८५.५७ वर्ग किलोमिटर तथा ६७३८५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।२९ देखि २०८१।९।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु.२,५६,७९,८०,०९१।०१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा बढि तलब भुक्तानी भएको रु.४३,२५२।११ असुल भई राजस्व शिर्षक नं १५१११ मिति ०८१।९।२ राष्ट्रिय वाणिज्य बैंकमा दाखिला भएको भौचर पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय बिबरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| | | प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ३०७८८३२१६.६९ | ०.०० | ३०७८८३२१६.६९ | २९५९०००६२.४१ | ०.०० | २९५९०००६२.४१ |
| १३००० | अनुदान | ४८६४८६७६१.०३ | ०.०० | ४८६४८६७६१.०३ | ५७५५२३३७७.०० | ०.०० | ५७५५२३३७७.०० |
| १४००० | अन्य राजस्व | ४२२३००६९.७३ | ०.०० | ४२२३००६९.७३ | ४८९८४३८०.८३ | ०.०० | ४८९८४३८०.८३ |
| १५००० | विविध प्राप्ति | ९२७२४१.१० | ०.०० | ९२७२४१.१० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | ८३७५२७२८८.५५ | | ८३७५२७२८८.५५ | ९२०४०७८२०.२४ | | ९२०४०७८२०.२४ |
| ३ | चालु | ३९५१७४०४२.८५ | ०.०० | ३९५१७४०४२.८५ | ४५११६५२९५.२० | ०.०० | ४५११६५२९५.२० |
| २१००० | पारिश्रमिक / सुविधा | २५१३९३९१४.८६ | ०.०० | २५१३९३९१४.८६ | २५१७१३१०७.९८ | ०.०० | २५१७१३१०७.९८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १३६१९८८६६.६६ | ०.०० | १३६१९८८६६.६६ | १७०५६७०३४.५३ | ०.०० | १७०५६७०३४.५३ |
| २५००० | सहायता (Subsidy) | ३५८८४८६.५० | ०.०० | ३५८८४८६.५० | ८९९७६८.०० | ०.०० | ८९९७६८.०० |
| २६००० | अनुदान | ०.०० | ०.०० | ०.०० | २१५९१०७५.६९ | ०.०० | २१५९१०७५.६९ |
| २७००० | सामाजिक सुरक्षा | ३०६८३८१.८३ | ०.०० | ३०६८३८१.८३ | ४२५९४२५.०० | ०.०० | ४२५९४२५.०० |
| २८००० | अन्य खर्च | ९२४३९३.०० | ०.०० | ९२४३९३.०० | २१३४८८४.०० | ०.०० | २१३४८८४.०० |
| ४ | पूंजीगत | ५७७७२३३९८.६३ | ०.०० | ५७७७२३३९८.६३ | ५९७६४२६५२.७९ | ०.०० | ५९७६४२६५२.७९ |
| ३१११० | भवन तथा संरचना | ४०११११३.०० | ०.०० | ४०११११३.०० | २८१०६५०४.०० | ०.०० | २८१०६५०४.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ८६८६२९७.५० | ०.०० | ८६८६२९७.५० | ११०४३६८६.८० | ०.०० | ११०४३६८६.८० |
| ३११३० | अन्य पूँजीगत खर्च | २७३४९०३.०० | ०.०० | २७३४९०३.०० | ८४१५७१.६८ | ०.०० | ८४१५७१.६८ |
| ३११४० | सुरक्षा उपकरण | ०.०० | ०.०० | ०.०० | ३२८०००.०० | ०.०० | ३२८०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ५६१६४१०८५.१३ | ०.०० | ५६१६४१०८५.१३ | ५५४२३४७६६.३१ | ०.०० | ५५४२३४७६६.३१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ६५००००.०० | ०.०० | ६५००००.०० | २५८८१२४.०० | ०.०० | २५८८१२४.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ०.०० | ०.०० | ०.०० | ५०००००.०० | ०.०० | ५०००००.०० |
| ख) | कुल जम्मा भुक्तानी | ९७२८९७४४१.४८ | | ९७२८९७४४१.४८ | १०४८८०७९४७.९९ | | १०४८८०७९४७.९ |
| ग) | बचत /कमी (ग = क-ख ) | (१३५३७०१५२.९३) | | (१३५३७०१५२.९३) | (१२८४००१२७.७५) | | (१२८४००१२७.७५ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | ३७९५०२३२.५९ | | ३७९५०२३२.५९ | ६१०३७६३.४० | | ६१०३७६३.४० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (१३९५९१९८.००) | | (१३९५९१९८.००) | (५४३०७७९.२५) | | (५४३०७७९.२५) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (९७४१९९२०.३४) | | (९७४१९९२०.३४) | (१२२२९६३६४.३५) | | (१२२२९६३६४.३५ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २५३८३३५२१.०१ | | २५३८३३५२१.०१ | ३७६१२९८८५.३६ | | ३७६१२९८८५.३६ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १५६४१३६००.६७ | | १५६४१३६००.६७ | २५३८३३५२१.०१ | | २५३८३३५२१.०१ |

**नगरपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:**

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा संरक्षण | २५९८८२३२८ | २५७७६१४३५.४९ |
| २. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १४६७२००० | ८१४५००० |
| ३. | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | २५८११००० | २५७७२७२८.६५ |
| **जम्माः** | | **३००३६५३२८** | **२९१६७९१६४.१४** |

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२५,७७,६१,४३५।४९, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ८१,४५,०००।- र एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमबाट रु.२,५७,७२,७२८।६५ गरी रु.२९,१६,७९,१६४।१४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२३,५७,५१,८९२।०९ मौज्दात रहेकोमा यो वर्ष रु.२५,३८,३३,५२१।०१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,८०,८१,६२८।९२ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण देहाय अनुसार छ ।

| **संकेत** | **कोष खाता** | **स्रेस्ता अनुसारबाँकी रकम** | **बैंक स्टेटमेन्टअनुसार बाँकी रकम** | **फरक** |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिकराजस्व खाता | ० | ० | ० |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | ० | ० |
| ग ६.१ | स्थानीयतह विभाज्य कोष खाता | ० | ० | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | ९०३४३३३८.३० | ९००१४८२२.२० | -३२८५१६ |
| ग ३.१ | स्थानीयतह धरौटी खाता | २६२९४७४५.७९ | २६२९४७४५.७९ | ० |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ० | ४१३५७७५२.७७ | ४१३५७७५३ |
| ग २.३ | पूँजीगतखर्च खाता- विजोर वर्ष | (१३७४५७३६.०) | ० | १३७४५७३६ |
| ग ७.१ | स्थानीय तह आकस्मिक कोष खाता | १७१७५.७७ | १७१७५.७७ | ० |
| ग २.७ | विविधखर्च खाता | १७५४८१८८.६८ | १७५४८१८८.६८ | ० |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | ३४३८१४२२.७८ | ३४५९४८८४.७८ | २१३४६२ |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | १५७४४६५.३५ | १५७४४६५.३५ | ० |
| **जम्मा** | | **१५६४१३६००.६७** | **२११४०२०५३.३** | **५४९८८४५२.५३** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **कर दायित्व**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१३,९५९,१९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२.६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको पूँजीगत खर्च खातामा रु.१,३७,४५,७३६।- माइनसमा मौज्दात रहेको पाइयो । पालिकाले सो रकम माइनसमा हुनुका कारण यकिन गरी हिसाब पेश गर्नुपर्दछ ।

२.७ **अनुदान फिर्ता :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र स्थानीय तहले संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । साथै प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३४ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खर्च नभई बाँकी रहेको समपूरक, सशर्त र विशेष अनुदान रकम आर्थिक वर्षभित्र फिर्ता नगरी मिति २०८१।४।२७ मा फिर्ता गरेको देखिन्छ । पालिकाले खर्च नभई बाँकी रहेको देहायको रकम सोही आर्थिक वर्षभित्र फिर्ता गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | शिर्षक | रकम |
|---|---|---|
| १ | संघीय समपूरक अनुदान | १०४२४६६.७४ |
| २ | संघीय सशर्त अनुदान | २०६६८७३०.५६ |
| ३ | संघीय विशेष अनुदान | १६९५५०३.३६ |
| ४ | प्रदेश समपूरक अनुदान | ४९५११९.८७ |
| ५ | प्रदेश सशर्त अनुदान | ६९९५८६९.९३ |
| ६ | प्रदेश विशेष अनुदान | २२५५४६४.३५ |
| **जम्मा** | | **३३१५३१५४.८१** |

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छ,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयासको अभिलेख राखेको पाइएन,

• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 74(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था

भएकोमा वनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

• रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरेको पाइएन,

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यमकालिन लक्ष्यहरू तोकि मूल्याङ्कन गर्ने गरेको पाइएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो राखेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धीत समितिमा पेश गरेको पाइएन,

• अधिकांश पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,

• सडक ट्रयाक ढुँगा सोलिङ्ग तथा भवनको निर्माणमा उपयोगी तथा किफायती नर्म्सको पर्योग गरी पालिकाको दर विश्लेषणको पुस्तिका तयार गरेको पाइएन,

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको पाइएन,

• पालिका अन्तर्गतका विद्यालय तथा स्वस्थ्य सँस्था तथा विद्यालयहरुमा खरिद तथा वितरण गरेको जिन्सी मालसामानको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली [PAMS] अभिलेखीकरण नगरी खर्च लेखेको,

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा अधिकांशमा भ्रमण अभिलेख खाता नराखेको तथा अनुगमन भ्रमण प्रतिवेदन पेश गरेको पाइएन,

• विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश नभएको।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ तर पालिकाले

यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण गरी सुझाब समयमै कार्यान्वियन हुनु पर्नेमा आन्तरिक लेखापरीक्षण नै नगरिनु उचित होइन ।

५ **आन्तरिक लेखापरीक्षक**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा १ जना आन्तरिक लेखापरीक्षक रहेकोमा लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन । आन्तरिक लेखापरीक्षकलाई लेखापरीक्षण गर्न नियुक्ति गरेकोमा लेखापरीक्षण नगरी तलब भत्ता मात्र रु.५,७२,८७६।- भुक्तानी गरेको देखियो । ऐन बमोजिम लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो पेश नगरेकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,७२,८७६ |

६ **कर,दस्तुर तथा आन्तरिक आयतर्फ**

६.१ **आय अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर सेवा शुल्क दस्तुर वापत अनुमानित रु.८,४६,३८,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.७,६९,३६,४९६।६७ अर्थात् अनुमान भन्दा ९.१० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६.२ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८८४३२३१९.२२ | ७६९३६४९६.६७ | २६.६७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २६.६७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८, र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २६५४४००० | १९०३१३२६.९४ | ७१.६९ |
| घरजग्गा वहाल कर | ८४००००० | १०७९५४४९.७७ | १२८.५२ |
| व्यवसाय कर | १००८०००० | ९१६६४८३.७१ | ९०.९३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

६.४ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९१,६६,४८३।७१ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

## ७ बजेट,योजना तथा कार्यक्रमतर्फ

७.१ **बजेट पेश पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी आषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप-प्रमुखले मिति २०८०।०३।१० मा रु.१,१५,५९,११,३१६।३४ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

७.२ **रकमान्तर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका ४३ योजना तथा कार्यक्रमको रु.७,६८,१२,९६२।६८ रकमान्तर गरेको छ । रकमान्तर गर्दा जस्तै प्रशासनिक शिर्षकबाट रु २ करोड घटाई सडक कल्भर्ट , वाल उद्यान, कुलो निर्माण जस्ता शिर्षकमा खर्च गरेको छ । यसै गरी क्षमता अभिबृद्धि, बाटो निर्माणवाट घटाएर नाला निर्माण लगायतमा खर्च गरेको छ । यसरी पटक पटक रकमान्तर गर्दा बित्तीय सुशासन कायम हुने देखिदैन । कारण बेगर पटक पटक रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७.३ **गत वर्षको दायित्व भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा रू.१,०९,२२,४५१।- गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी चालु र पुँजीगतको सबै भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७.४ **मध्यकालिन खर्च संरचना :** अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानीय तहले आगामि बर्षमा कार्यान्वियन हुने योजनाको साथै थप २ बर्षको कार्यान्वियन हुने योजना र त्यसको स्रोतको सुनिश्चितताको आधारमा बजेट कार्यान्वियन हुने व्यवस्था छ तर यस पालिकाले उक्त मध्यकालिन खर्च संरचना तयार गरेको छैन । खर्च संरचनाको अभावमा भविष्यमा कार्यान्वियन हुने योजनाहरु र तिनको कार्यान्वियन गर्न स्रोतको अस्पष्टता हुने हुँदा योजनाको कार्यान्वियन पक्ष फितलो हुने योजना अलपत्र हुने भएकोले खर्च संरचनाको आधारमा बजेट र योजना प्रणालीलाई कार्यान्वियन गर्नु प्रभावकारी हुन्छ।

७.५ **दिगो विकास योजना :** संयुक्त राष्ट्रसंघले अघि सारेको दिगो विकास लक्ष्यको सन् २०३० सम्म कार्यान्वियन गर्न नेपालले १६ वटा वुँदा प्रतिवद्वता व्यक्त गरी ति लक्ष्यको स्थानिकरण र आन्तरिकीकरण गरेको छ । पूर्वाधार कृषि पशु उर्जा समाजकल्याण बालकल्याण महिला विकास सुरक्षित मातृत्व लगायतका बिषयहरु संघीयता सँगै स्थानीय स्तरमा हस्तान्तरण र निक्षेपित भैसकेको छन् । दिगो विकासको

लक्ष्य प्राप्त गर्न स्थानीय तहले सूचक निर्धारण गर्ने डाटा तयार गर्ने प्रदेश र संघमा तिनको संचार र समन्वय गर्ने कार्य भएको देखिएन । स्थानीय तहले बार्षिक बजेट बमोजिम नै पुरानै शैलीमै कार्य गरेका छन् । दिगो विकासको लक्ष्य अनुरुप कार्यक्रम बनाउने समन्वय गर्ने अभिलेख र तथ्याङ्क राखी दिगो विकासको राष्ट्रय सूचक हाँसिल गर्न संघमा संचार गर्ने कार्य भएको छैन । दिगो विकासको लक्ष्यको आधारमा तालमेल हुने गरी योजना र कार्यक्रम लागु गरी अभिलेख र सूचना प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।

७.६ **योजना प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धीत अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागीता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १३ वडाको लागि वडागत र पालिकास्तरका कुल ८०० योजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिको योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २७८ | १४ | २७ | २३७ |
| २. | वडास्तरीय | ५२२ | ९ | ४१ | ४७२ |
| | जम्मा | ८०० | २३ | ६८ | ७०९ |

उपरोक्त विवरणअनुसार पालिकाले साना र वितरणमूखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७८२ योजना मात्र कार्यान्वयन भई १८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.७ **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.५७,७७,२३,३९८।६३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७.८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत(जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०९७०६०००.०० | ७०४७४००२.१० | ७.२४ |
| २ | पूर्वाधार विकास | ५१९९१५३१६.३४ | ४४६८४३७९३.४२ | ४५.९३ |
| ३ | सामाजिक विकास | ३६१२९९३५०.०० | ३०८५१९८१८.६५ | ३१.७१ |
| ४ | सुशासन तथा अन्य अन्तरसम्बन्धीत | २२०५३०००.०० | १५८३९९७३.०० | १.६३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४६२०७६५०.०० | १३१२१९८५४.३१ | १३.४९ |
| **जम्मा** | | **११५९१८१३१६.३४** | **९७२८९७४४१.४८** | **१००.००** |

उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ७.२४ प्रतिशत, पूर्वाधारतर्फ ४५.९३ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ३१.७१ प्रतिशत, सुशासन तथा अन्य अन्तरसम्बन्धीततर्फ १.६३ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ १३.४९ प्रतिशतले खर्च गरेको छ । आर्थिक विकासतर्फ ७.२४ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिबी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने एवं कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययिता कायम हुनुपर्दछ । साथै सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिवृद्धि गर्नुपर्दछ ।

## ८ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.११,१९,८५,००७।१२(समायोजन समेत) राजस्व बाँडफाँड, जनसहभागीता र अनुदानबाट रु.७२,५५,४२,२८१।४३ समेत रु.८३,७५,२७,२८८।५५ आम्दानी भएकोमा चालु तर्फ रु.३९,५१,७४,०४२।८४ र पूँजीगत तर्फ रु.५७,७७,२३,३९८।६३ गरी जम्मा रु.९७,२८,९७,४४१।४८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११.५१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.१,१८,५६,०००।- खर्च भएको छ जुन आन्तरिक आयको १०.५९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४.४७ प्रतिशत चालु र ७९.६३ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ९ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजीगत खर्चतर्फ | ५७७७२३ | ८१०६४ | ६५५१० | १८१६१६ | २४९५३३ | ९९५५३ |
| प्रतिशत | १०० | १४.०३ | ११.३४ | ३१.४४ | ४३.१९ | १७.२३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.५७ करोड ७७ लाख २३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.८ करोड १० लाख ६४ हजार(१४.०३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ६ करोड ५५ लाख १० हजार(११.३४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१८ करोड १५ लाख १५ हजार(३१.४४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.२४ करोड ९५ लाख ३३ हजार(४३.१९

प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ९५ लाख ५३ हजार(१७.२३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १० पूँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु.५७,७७,२३,३९८।६३ खर्च गरेकोमा रु.२९,६२,१९,१५९।- अर्थात् ५१।२७ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये उपभोक्ता समितिबाट रु.१९,१२,२३,०१९।- को खरिद गरेको छ । उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## ११ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माण लगायतका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १.२८ देखि ४७.५९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्बन्धीत निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा ११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १२ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## १३ परामर्श तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | अघिल्लो वर्ष खर्च | यो वर्ष खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| स्वर्णतारा क्लबदेखि नगरपालिका हुंदै खैरहनि चोकको नालासहित सडक स्तरोन्नति | एस.डी.सी. इन्जिनियरिङ सर्भिस प्रा. लि. | २८९००० | ४८९७८५.६८ | २८९००० | १३९६१५२२४.२६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

## १४ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धीत व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले निर्माण कार्यको प्रत्येक योजनाबाट ३ प्रतिशत रकम कट्टा गरी कन्टिन्जेन्सी रु.४ लाख २७ हजारको खर्च भएको विवरण पेश गरेपनि आयोजनागत रुपमा कुन आयोजनाबाट कति कट्टा भएको हो भन्ने आधार पेश भएको छैन ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा सो गरेको पाइएन । योजना अनुसार प्याकेज बनाई कन्टिन्जेन्सी रकम नापी किताबमा राख्नुपर्छ । पालिकाले पेश गरेको विवरणमा कति बजेट खर्च भयो कति कन्टिन्जेन्सी वापत प्राप्त हुनुपर्ने भन्ने प्रष्ट नगरी एकमुष्ट पेश गरेको छ ।

कन्टिन्जेन्सी खर्चको विवरणमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना र अन्य खर्च २ प्रतिशत गरी खर्च गर्न सक्ने व्यवस्था भएपनि रु.४ लाख २७ हजार खर्च पेश गरेको एकमुष्ट विवरण पेश भएको छ । निर्माण कार्यमा खर्च गरेको कन्टिन्जेन्सी रकमको आधारमा कुन कुन योजना सञ्चालन भएको भन्ने स्पष्ट विवरण पेश हुन आएन । साथै कुन शिर्षकमा कति खर्च भयो भन्ने स्पष्ट हुन सकेन । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकमलाई व्यवस्थित गर्ने निर्देशिका अनुसार सानातिना खर्च छुट्टाएर मात्रै कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

## १५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय, वडा स्वास्थ्य चौकी अस्पताल सहित २०५ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १८३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सिडि इन्जिनियर, कृषि विकास अधिकृत, कानुन अधिकृत, राजस्व अधिकृत, प्रशासन सहायक लगायत २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

## १६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने

व्यवस्था छ तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४४ र यो वर्ष थप भएको १६२ गरी कुल २०६ विवाद दर्ता भएकोमा मिलापत्र भएका १७४ वटा जिल्ला अदालत सिफारिस १४ वटा र १८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१७ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४४ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ७ वटा नियमावली, ३ वटा निर्देशिका र ६३ वटा कार्यविधि र ३ वटा मापदण्ड गरी जम्मा ९३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । उपलब्ध नमुना कानुनको तुलनामा ६१.३६ प्रतिशत कानुन बनाई कार्यान्वियनमा ल्याएको देखिन्छ ।

१८ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी सवारी चालक सयस कार्यालय सहयोगी प्लम्बर ईलेक्ट्रिसियन चौकिदार मालि बगैंचे र सरसफाई सम्बन्धी पद तथा सेवामा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नु पर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक इन्जिनियर, कम्प्यूटर अपरेटर, सब-इन्जिनियर, सर्वेक्षक, असिष्टेन्ट सव-इन्जिनियर, सहायक कम्प्यूटर अपरेटर, कम्प्यूटर टेक्निसियन लगायत २२ जना कर्मचारी करारमा नियुक्त गरी रु.१,०२,१७,०१३।- तलब भत्ता भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी रकम भुक्तानी गरेकोले नियमित देखिएन ।

१९ **न्यायिक समिती भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका ७६ वटा सहकारी संस्थाहरुमध्ये ५६ वटा सहकारी संस्था मात्र एकिकृत सूचना व्यवस्थापन प्रणालीमा आबद्ध रहेका छन् । पालिका भित्रका २० वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी व्यक्तिहरुलाई प्रति व्यक्ति रु ५ हजार देखि ३० हजार सम्म ४० जनालाई रु.४,१३,४९९।५० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.७,६९,३६,४९६।६७ को ०.५३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

२२ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहाय अनुसार कृषि क्षेत्रमा विभिन्न सहकारी समुह तथा फर्महरुलाई रु.४५,००,०००।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गर्ने र गत विगतदेखि वितरित अनुदानको अनुगमनको अभिलेख राखि पुर्ण सदुपयोगको सुनिश्चितता हुनुपर्दछ ।

| **सि.नं.** | **समुह सहकारी तथा फर्मको नाम** | **कामको विवरण** | **रकम** |
|---|---|---|---|
| १ | साहारा च्याउ फर्म, खै. न.पा.-१३ | च्याउको बीउ ४००के.जी. ,एल डी प्लाष्टिक १९० के.जी ,कालो प्लाष्टिक५० के.जी. र फलामको ड्रम वितरण भएको | ५०००० |
| २ | कमल च्याउ फर्म, खै. न.पा.-१३ | च्याउको बीउ ५४० के.जी., एल डी प्लाष्टिक २०० के.जी ,कालोप्लाष्टिक ७०.५६ के.जी. फलामको ड्रम र तौल गर्ने मेशिन १ थान वितरण भएको | ५०००० |
| ३ | मिलिजुलीएकिकृत कृषि फर्म, खै. न.पा.-१३ | च्याउको बीउ ४५०के.जी., एल डी प्लाष्टिक १७० के.जी ,कालो प्लाष्टिक६० के.जी., फलामको ड्रम २ थान र तौलगर्ने मेशिन १ थान वितरण भएको | ५०००० |
| ४ | कृशु एकिकृत कृषि फर्म, खै. न.पा.-१३ | च्याउको बीउ २०० के.जी., एल डी प्लाष्टिक ६० के.जी ,कालो प्लाष्टिक५३ के.जी., फलामको ड्रम र तौल गर्नेमेशिन १ थान वितरण भएको | ५०००० |
| ५ | भगवती एकिकृत कृषि फर्म, खै. न.पा.-१३ | च्याउको बीउ २०० के.जी., एल डी प्लाष्टिक ६० के.जी ,कालो प्लाष्टिक५३ के.जी., फलामको ड्रम र तौल गर्नेमेशिन १ थान वितरण भएको | ५०००० |
| ६ | ग्रामिण ताजा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्था लि., खैरहनी १ | पोटहोल डिगर १ थान र पोर्टेवल पावर स्प्रेयर ५ थान वितरण भएको | ५०००० |
| ७ | साना किसान कृषि सहकारीसंस्था लि, खैरहनी ६ | अर्थ अगर (होल डिगर) १ थान , पुस रो सिडर (सिंगल बकेट) २ थान र स्प्रेयर ट्याङ्की (२ in १) ४२ थान वितरण भएको | ५०००० |
| ८ | गरीवी निवारण बहुउद्देश्यीयसहकारी संस्था लि., खैरहनी ९ | मिनिटिलर १ थान ,विडर २थान, सिंगल सिडर २ थान, डबल सिडर ३ थान वितरण भएको | ५०००० |
| ९ | कपिया माछापालन सहकारी संस्थालि., खैरहनी - १२ | मिनिटिलर २ थान ,विडर १ थान ,डिजिटल काँटा ५ थान वितरण भएको | ५०००० |
| **जम्मा** | | | **४५०००००** |

२३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम

व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा १३ योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई औसत ९३.३४ दिनले ६५३४ दिन रोजगारी उपलब्ध गराई रु.४३,६४,७१२।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२४ **विविध तथा अतिथी सत्कार खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकबाट रू.१५,९९,९९२।- खाना, खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय ७,६९,३६,४९६.६७ को २.०७ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्च पालिकाको विषयगत शाखा तथा वडाका विभिन्न कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । यस सम्बन्धी उदाहरण निम्नानुसार छन ।

| भौ.नं. र मिती | विवरण | रकम |
|---|---|---|
| ६६।८०।६।५ | यूनिक टेन्ट हाउस | ९०२५० |
| १३।८०।५।७ | हाम्रो खाजा घर | ६६०२० |
| ६२७।८१।१।७ | आर एस खाजा घर | ३४८०५ |
| ८५२।८१।३।२ | आर एस खाजा घर | ६२८५७ |
| ९०४।८१।३।१७ | जमौलि किराना पसल | १७२२७ |

२५ **विद्युत महसुलमा जरिवाना**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुँदा १५(१) मा रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महसुल समयमा भुक्तानी नगरी जरीवना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरीवना बापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट दामासाहीले असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ । छनौटमा परेका विभिन्न भौ. नं. हरुबाट विद्युत महसुलमा जरिवाना स्वरुप कुल रु. ३९६२७।- विद्युत प्राधिकरणलाई भुक्तानी भएको पाईयो । पालिकाले यस्ता युटिलिटी खर्चमा छुट पाउनुको सट्टा उल्टै जरिवाना तिरेको पाइयो । यसलाई नियन्त्रण गर्दै आगामी दिनमा छुट लिने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२६ **सवारी साधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्नानुसार राजस्व बाँडफाँडबाट प्राप्त भएको संघिय श्रोतबाट उपलब्ध महलको रकमबाट आन्तरिक श्रोतलाई मजबुद गराई सवारी साधन लगायतका खरिद कार्य समेत सोही श्रोतबाट हुनुपर्दछ ।

| क्र.सं. | सवारी साधनको नाम | संख्या | रकम |
|---|---|---|---|
| २ | मोटरसाइकल | १ | २२५७०६ |
| ४ | महेन्द्रा स्कार्पियो | १ | ८९२०००० |
| **जम्माः** | | | **९१४५७०६** |

२७ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार कुन सामान मर्मत गर्नुपर्ने र कुन सामान लिलाम बिक्री गर्नुपर्ने भनी छुट्टाई प्रतिवेदन पेश गरेको देखिएन । प्रतिवेदनको बुदा नं ८ जिन्सी शाखा प्रमुखले सम्पूर्ण सामानहरुको संरक्षण, मर्मत संभार तथा लिलाम बिक्री प्रक्रियामा लैजाने कार्यहरु गर्नुपर्ने उल्लेख गरेको देखिन्छ । नियमावलीको व्यवस्था अनुसार ति सामानहरुको मर्मत संभार तथा लिलाम बिक्री गर्नुपर्ने खुलाई सो बमोजिम जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२८ **शिक्षा तर्फ**

२८.१ **शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत २७ वटा विद्यालयमा २१० जना शिक्षक दरबन्दी भएकोमा सबै पदपूर्ति र पदपूर्तिमध्ये २९ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ४४९८ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

२८.२ **सेनिटरी प्याड खरिद :** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. २४१।०८१।३।२४ बाट ३२४७७ प्याकेट निशुल्क सेनिटरी प्याड बोलपत्र मार्फत खरिद गरी रु.८,८५,१८०।- भुक्तानी गरेकोमा विद्यालयहरुलाई २८४६० प्याकेट हस्तान्तरण गरी ४०१७ प्याकेट बाँकी देखिन्छ । पालिकाले सेनिटरी प्याडको नेपाल गुणस्तर तथा नापतौल विभागबाट गुणस्तर परीक्षण गरेको देखिएन । त्यसैले विद्यार्थिको स्वास्थ्यसँग सम्बन्धीत सो प्याड प्रयोग गर्न उपयुक्त हो / होइन भन्न सकिएन । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तिम त्रैमासिकमा खरिद गरेको पाइयो । पालिकाले सेनिटरी प्याडको गुणस्तर परीक्षण गरी खरिद गर्ने, सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२८.३ **कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **८,९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,८५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८.४ **छात्रवृत्ति वितरण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५९,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५४,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१३,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१८,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१५,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१४,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८.५ **दिवा खाजा :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट

प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयहरुको अनुगमन नगरी विद्यालयहरुले पेश गरेको विद्यार्थिको उपस्थितिको विवरणको आधारमा विभिन्न भौ.नं.बाट २७ वटा सामुदायिक विद्यालयको खातामा रु.१,१८,७९,९२५।- निकासा गरेको छ । दिवा खाजा खर्च लेख्दा विद्यालयहरुको अनुगमन गरी त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाको आधारमा निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

२८.६ **स्वयमसेवक शिक्षक तलब भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६१८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८.७ **शिर्षक फरक :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२क) मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धीत खर्च शिर्षकमा परेको यकिन गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. २०४।०८१।३।१६ बाट आधारभुत तहका स्वीकृत दरवन्दी शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता शिर्षकबाट स्वास्थ्यतर्फका ३५ जना कर्मचारीलाई आषाढ तलब भत्ता रु.२२,९८,१२०।- खर्च गरेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २२,९८,१२० |

२८.८ **बढि ग्रेड भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१५,६८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२९ **प्राविधिक ग्रेड**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३०,२५४.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३० **मेड्पा कार्यक्रम**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष एडभान्स सिलाई कटाई तालिम सञ्चालन गरी रु.२,७६,१८१।- भुक्तानी गरेकोमा १७ थरीका २६ वटा सामान उत्पादन भएको देखिन्छ । सो उत्पादित सामानहरु जिन्सी दाखिला गरी विभिन्न माध्यमबाट बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

३१ **२० प्रतिशत सहभागीता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३२,५००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद भएका मालसामानको तोकिएको स्पेसिफिकेशन बमोजिमको गुणस्तर सुनिश्वित गरी खरिदको भुक्तानी खर्च लेख्नुपर्ने व्यवस्था रहेकोमा यस कार्यालय अन्तर्गत खरिद भएका ढलान कार्यमा गुणस्तर परीक्षण गरेको छैन । यसरी खर्च लेखेको सामान उपयुक्त गुणस्तरको हो होइन भन्ने आधार पुष्टि भएन । तसर्थ सामानको गुणस्तर परीक्षण गरेर मात्र खर्च लेख्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छन् ।

| **भौ.न. र मिति** | **योजना** | **रकम** |
|---|---|---|
| २३७।८०।११।६ | कुनाचोक दक्षिण ढलान उ.स. | ५९८५४६ |
| २०६।८०।१०।११ | लाउरे टवलको नाला वाटो उ.स. | १०३५६५२ |
| १५४।८०।९।१६ | वडा कार्यालय अगाडी वाटो ढलान उ.स. | ५७५०७९ |
| १४३।८०।९।४ | बलरामको घरदेखि पछाडी कल्लर्भट निर्माण उ.स. | ५३२१९४ |
| १२२।८०।८।१२ | स्कुलवाट पुर्व शशिघरको घरवाट न्यौपानेको घर सम्म अपुरो ढलान | ४४८३४७ |
| १११।८०।७।२३ | जेठाको घरदेखि इचर्नी गेटसम्म कजवे तथा कल्भर्ट निर्माण | १२६७००० |
| ९२।८०।६।४ | वकनरसिंहको चोकदेखि शितल टोल सम्म जाने वाटो ढलान | १५०००० |
| २२१।८०।१०।२४ | सिद्धपुर मान वहादुर मोक्तानको घरपछाडी कल्भर्ट निर्माण उ.स. | ११५२१६७ |
| १८२।८०।९।२६ | बुद्धि रामको घरवाट पश्चिम बालनरसिहं घरसम्म ढलान | ५५८३३० |
| ५९।८०।६।१८ | सिमल पारी हेमलालको घरदेखि खैरहनी नगरपालिका ६ मा ढलान | ५००००० |
| **जम्मा** | | **६८१७३१५** |

३३ **ट्याक कोट**

सडक विभागले जारी गरेको निर्माण सम्बन्धी नर्म्स २०७५ को section १३०२ मा Bituminous surface and base course अन्तर्गत ट्याक कोटमा विटुमिन स्प्रेदर प्रति अधिकतम ०.६ प्रतिलिटर हुने व्यवस्था छ । पालिका अन्तर्गत निर्माण सम्पन्न भएका निम्नानुसारका सडक योजनाहरुमा निर्धारित दरभन्दा बढी ०.७ प्रतिवर्ग मिटर विटुमिन स्प्रेवापत रु.४,६५,०५०।- खर्च लेखेकोले असुल उपर गर्नुपर्ने देखिएको रु.

| योजना | स्प्रेदर प्रति वर्ग मी | प्रयोग दर | दर प्रतिलिटर | बढी लिटर | रकम |
|---|---|---|---|---|---|
| वडा न ३ हात्तिकाउण्टर वाट अधुरो पिच निर्माण उ.स. | २४१४ | ०.७ | १४५।५९ | २४१।२७ | ३५१२६ |
| कृष्ण टोल विकास संस्था देखि गौतम घरसम्म पिच उ.स. | २६४ | ०.७ | १६१ | २६ | ४१८६ |
| २ र ३ वडाको विभिन्न चोकमा कालोपत्रे ठेक्का | ८०६५ | ०.७ | १०१ | ८०६ | ८१४०१ |
| राजमार्गवाट उत्तरतर्फ कुवरको घरसम्म कालोपत्रे उ.स. | ६५६ | ०.७ | १२८।५९ | ६६ | ९५९० |
| ढलपेटी सहितको बाटो चैनपुर देखि उत्तर लदिसल देखि विन्धवासिनि वडा न १,२,३,४,५,६,७,८,९,११ मा विभिन्न स्थानमा कालोपत्रे ठेक्का | ११८४५ | ०.७ | १४६।९ | ११८५ | १७४०७६ |
| वडा न ५,६,१०,११,१३ मा विभिन्न स्थानमा कालोपत्रे सडक | ५८४१ | ०.७ | १२२ | ५८४ | ७१२७१ |
| हडखलेको घर देखि अर्जुन सेनको घर सम्म पिच उ.स. | १२७९ | ०.७ | १५७।९६ | १२७।९ | २००८३ |
| वडा न. ५,६,८,१०,११ र १३ को विभिन्न ठाउँमा वाटो कालोपत्रे | ६२०२ | ०.७ | ११२ | ६२० | ६९३१७ |
| **जम्मा** | | | | | **४६५०५०** |
| | | | | असुल गर्नुपर्ने | ४,६५,०५० |

३४ **सूचना तथा विज्ञापन खर्च:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ क मा गरीने खरिद कार्यविधिको व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययिता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता कार्यदक्षता प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले सूचना प्रकाशन तथा छपाई शीर्षकमा जम्मा रकम रु. ६५९७२३।- खर्च गरेको देखिएको छ ।यस्तो प्रकृतिको खर्चलाई न्यूनीकरण गर्नको लागि प्रतिस्पर्धात्मक खरिद विधि एकमुष्ट दरको बोल पत्र आव्हान गरी सो प्रक्रिया अवलम्वन गर्नुका साथै सरकारी रकमको खर्चमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

३५ **वारेन्टी वेगर सडक वत्ति जडान तथा खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अधि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । पालिका अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो । पालिकामा खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत वापत खर्च लेखेको छ । विद्युत को सामाग्री जस्तै हाडमास्ट लाईट/फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तिको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानहरुको रु.१७,१९,६५५।- भुक्तानी गर्दा आपुर्तिकर्तालाई मर्मत संभ्मार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

| भौ.न. र मिति | सामान | रकम |
|---|---|---|
| १३३।८०।८।२२ | विद्युत पोलमा सडक वत्ती वल्व, स्विच, होल्डर | २५०००० |
| ९१।८०।७।१ | वत्ति मर्मत लिड लगायतका सामान टोल विकास समिति कृष्ण टोलमा | १८९२६८ |
| १०४।८०।१।१६ | पोलवत्ति व्यवस्थापन उ.स. | १८०२७४ |
| २८०।८०।१०।९ | वडाभरि एलडी लाईट जडान उ.स. १८० र ५०० वाटको सेन्सर समेत | ५५०००० |
| ११५।८०।८।१२ | १५० थान एलईडी लगायत सामान | १३०००० |
| २०२।८१।१०।११ | वडा न १ उज्यालो अभियान | ४२०११३ |
| **जम्मा** | | **१७१९६५५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,१९,६५५ |

३६ **पर्व उत्सव**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययिता अपनाउनु पर्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कार्यदक्षता प्रभावकारिता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले पर्व उत्सव महोत्सव तथा जात्रा मनाउने कार्यमा खाना खाजा तथा अन्य विल भरपाईका आधारमा मात्र खर्च भएको कार्यक्रम सञ्चालन खर्च भुक्तानी गरेको छ । सरकारी रकमको मितव्ययिता तथा औचित्यता समेतलाई ध्यानमा राखी उपलब्धि विनाको खर्च रकम भुक्तानीमा सुधार गर्नुपर्दछ । यसका केही उदाहरण निम्नानुसार रहेको छ ।

| भौचर नं र मिति | विबरण | खर्च रकम |
|---|---|---|
| ८१।०८०।६।१० | हरितालिका तिज महोत्सव | १००००० |
| १०५।०८०।६।१० | वडास्तरिय जितीया गित प्रतियोगिता | ९०००० |
| २०२।०८०।७।२२ | पर्सा दशैंमेला, दुर्गा स्थापना तथा दुर्गा पुजा | ३००००० |
| २५०।०८०।८।१९ | जितिया पर्वको अवसरमा | १००००० |
| २६१।०८०।८।२४ | छठ पुजा व्यवस्थापन कार्यक्रम | १००००० |
| २६३।०८०।८।२५ | तिहार तथा छठ पुजा कार्यक्रम | १२५००० |
| ३४३।०८०।९।२९ | क्रिसमस डे पर्व | २०००० |
| ३६२।०८०।१०।३ | एकादशि मेलाको अवसरमा | १००००० |
| ३६४।०८०।१०।४ | मधेशी समुदायको छठ घाट व्यवस्थापन | ९९०३६ |
| ४७९।०८०।११।१० | चितवन हाति तथा पर्यटन महोत्सव | १००००० |
| **जम्मा** | | **११३४०३६** |

३७ **कार्यक्रम अनुगमन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५८,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३७,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **११९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

३८ **उपभोक्तासँग सम्झौता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) अनुसार निर्माण कार्य वा खरिद पूर्व स्पेशिफिकेशन, नक्सा डिजाईनको आधार यकिन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका अन्तर्गत सडक निर्माण, ढलान र ग्रावेल कार्य गर्दा Cross- section तयार नगरी कार्य गरेको छ । ग्रावेल गर्नुपूर्वको सडकको खाल्टा खुल्टी ग्रावेल गर्दै गर्दाको स्थितीको र ग्रावेल गरेपछिको फोटो संकलन छैन । प्राविधिकले नापी कितावमा चढाएको र लागतमा स्वीकृत गराएको परिमाणलाई नै आधार मान्नुपर्ने देखियो । सडकको ग्रावेल गर्नुपूर्व सतहमा कति कति परिमाणमा कति मिटरमा ग्रावेल विच्छाउने भनी Cross- section गरी प्रमाणित नगरी कार्य गरेकाले सडकमा विच्छाउने ग्रावेको उचाई/ मोटाई र खर्च लेखेको रकम सही हो भन्ने आधार देखिदैन । तसर्थ सडक सतहको निश्चित दुरीको आधारमा उचाईको लेभलिङ गरी कार्य गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छन् ।

| **भौ.न. र मिति** | **योजना** | **रकम** |
|---|---|---|
| १९।८०।४।२२ | हर्नेरी जेठाको घरदेखि राजकुमार उदासको घरसम्म नाला ग्राभेल निर्माण | ४८५००० |
| १५।८०।४।३० | ठाकुर वर्तौलाको घर देखि खोलासम्मको बाटोहरु ग्राभेल वडा न ६ | ६९४४१५.४५ |
| ४२।८०।५।१८ | राजमार्गवट उत्तरतर्फ कुंवरको घर सम्म वाटो | ३५०००० |
| ९२।८०।७।१ | वडा भरि कच्ची वाटो ग्राभेल | ७२०१८५ |
| १११।८०।८।११ | ढुङ्गेखोलाबाट पुर्व वाटो ग्राभेल | २०४६२४ |

३९ **खुला जिम निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खरिद कार्य गर्दा सकभर प्रतिस्पर्धा र मितव्ययिता कायम हुने गरी बोलपत्रको माध्यमबाट खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत विभिन्न स्थानमा जिम व्यायामशाला स्थापना गर्न रु.२१,०८,७३६।- को ३ पटक ट्रेडमिल लगायतका सामाग्री तथा मालसामान खरिद गर्दा कोटेशनको माध्यमवाट खरिद गरेको छ । कोटेशनवाट खरिद गर्दा ३ वटा दरभाउपत्रको मात्र आधार लिएको, खरिद गर्नुअघि गुणस्तर र स्पेशिफिकेशन यकिन नगरी खरिद गरेको, वारेन्टी नभएको, सामानको न्यूनतम टिकाउ अवधि र मर्मत सम्भार सम्बन्धी दायित्वमा भविष्यमा उत्तरदायी बनाउन कठिन हुने भएकाले यसरी एकै प्रकृतिको सामान खरिद गर्दा प्रतिस्पर्धी विधि अवलम्बन गरी मितव्ययी प्रणाली मार्फत गर्नुपर्दछ ।

| भौ.न. र मिति | स्थान | सप्लायर्सको नाम | रकम |
|---|---|---|---|
| ६७३।८१।३।२२ | वडा न ६ र ११ | मन्त्र कर्पोरेट प्रा.ली | ९३९६४६ |
| ७२५।८१।३।२४ | व्यायाम निर्माण उ.स. | उ. स. वाट | ५५००९० |
| ७२२।८१।३।२४ | शक्तिशालि युवा क्लवको पश्चिम खुला व्यायाम शाला | दिपेश कन्ट्क्सन प्रा.ली | ६१९००० |
| **जम्मा** | | | २१०८७३६ |

४० **चौधो नगर सभाको बैठक**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ मा नगर सभाका सदस्यले पाउने वैठक भत्ता सम्वन्धमा प्रति बैठक अध्यक्षले रु १५००, उपाध्यक्ष र सदस्यले रु १००० पाउने उल्लेख छ । पालिकाले आन्तरिक नियन्त्रण सम्बन्धी कार्यविधि जारी गरि सम्पुर्ण उपस्थित पदाधिकारी तथा कर्मचारिलाई रु १५०० का दरले भौ.नं. २९५।२०८०।९।१३ बाट मिति २०८०।९।६ मा सम्पन्न खैरहनी नगरपालिकाको चौधौ नगर सभाको बैठक भत्ता बापत ६५ पदाधिकारीलाई बैठक भत्ता भुक्तानी गर्दा कर बाहेक रु.२७,६२५।- र १०९ कर्मचारीलाई सहित कर बाहेक रु. १३८९७५ गरी रु. १६६६००। खर्च गरेकोले यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

४१ **वितरण मुखि कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययिता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले निम्न बमोजिमका वितरणमूखी कार्यक्रमहरु सञ्चालन गरी रु. ५४०६०१। खर्च गरेको देखियो । सरकारी रकमको खर्चमा मितव्ययिता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्ने तर्फ पालिकाको ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं र मिति | वितरण गरेको सामाग्रि | रकम | कैफियत |
|---|---|---|---|
| २६०।८०।८।२४ | खेलकुद सामाग्री | ५०००० | वडा ९ को टोल विकास संस्थालाई वितरण |
| ३२१।८०।९।२३ | मादल र भाडा लगायत | ७५१३४ | बनदेवी आमा समुहका लागि आवश्यक सामान |
| ४२९।८०।१०।२४ | फाइवर सिरक | ८९८१९ | अपाङ्ग सम्मान कार्यक्रम |
| ४४०।८०।१०।२६ | ब्लाङ्केट र मह लगायत | २४५६४८ | जेष्ठ नागरिक तथा अपाङ्ग ब्यक्ती सम्मान कार्यक्रम |
| ५०३।८०।११।१८ | स्कुल पोसाक | ३०००० | जन एकता आ.बि/राष्ट्रिय आ. बि. |
| ५१२।८०।११।१२ | डावर चेवनप्रास र दोसल्ला | ५०००० | जेष्ठ नागरिक तथा अपाङ्ग ब्यक्ती सम्मान कार्यक्रम |
| | सेतीदेवी प्रतिष्ठानमा वाध्यवादन सामाग्री | ७५००० | |
| | वडा नं. १ स्वस्थानी भजन कृतन समुह | ५०००० | |
| | क्रिस्चियन चर्च उ.स. | ९९०५२ | |
| | सिम्रहनी आमा समुह -भवन | ४९७३५४ | |
| | सहकारी संस्थालाई कम्यूटर र सामाग्री | ८०००० | |
| | फसेरा महिला समुह टेण्ट खरिद | ७५००० | |
| | नेपाल रेडक्रस सोसाईटी उपशाखा | ४९९२७८ | |
| | हर्नरी चर्च भौतिक निर्माण | १००००० | |
| | साना किसान सहकारी संस्था | २१३२२५ | |
| | भगवती एकिकृत कृषि फर्म | ३९८४३ | |

४२ **PAMS मा दाखिला नगरेको**

नेपाल सरकाले लागू गरेको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) दाखिला गरेर मात्रै भुक्तानी दिनुपर्दछ । यस पालिका अन्तर्गतका विभिन्न भौ.च. र मितिमा विद्यालय, क्लव लगायतका अन्य संस्थाको लागि रु.१३,५८,५४८।- खर्च लेखेको सामानको PAMS मा दाखिला वेगर खर्च लेखेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.न. र मिति | सामानको नाम | खर्च लेखेको संस्था | रकम |
|---|---|---|---|
| ९५।८०।७।१ | फर्निचर, टेवल, कुर्ची | धुसरी आशिस चर्च | १००००० |
| २१६।८०।१०।१७ | ल्याकटप १, प्रिन्टर १, डेक्सटप १, हार्डडिक्स १, दराज १ थान | चण्डीराष्ट्रिय आधारभुत विद्यालय | २०४२१८ |
| २९९।८०।१२।७ | फर्निचर, कुर्चि, टेवल, दराज | रेडक्रस सोसाइटी | १००००० |
| ३८०।८१।१।२२ | मेसिन, औजार, ल्याक्टप,कम्पुटर सामान | स्वास्थ्य सस्थाको लागि | १०१८०० |
| ४११।८१।२।१ | सेतिदेवी वाध्यवादन सामाग्री | सेतिदेवि प्रतिष्ठानको लागि | ७५००० |
| ५४७।८१।२।२२ | ४.८.९ मेथिन | पशुपक्षी तथा मस्यरोग अन्वेषण प्रयोग शाला | १५०००० |
| ५५०।८१।२।२३ | फयाक, रयाक, किचन सामाग्रि | वडा कार्यालय फर्निचर | २७०००० |
| ६४२।८०।३।१९ | काउ फिल्टर मेसिन | दुग्ध उत्पादन सहकारी संस्था | १९८६०० |
| ६६६।८१।३।२२ | वडा न ७ फर्निचर, पर्दा, कार्पेट, | वडा न ७ | ९७०३० |
| ७२९।८१।३।२४ | मेसिन औजार, ल्याव, सामान कम्पुटर प्रिन्टर | स्वास्थ्य संस्था | ६१९०० |
| **जम्मा** | | | **१३५८५४८** |

| प्रमाण पेश नगरेको | १३,५८,५४८ |
|---|---|

४३ **मेशिन प्रयोग**

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचलान तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ४ मा स्थानीय तहले यस कार्यक्रमको लागि आयोजना तर्जुमा गर्दा श्रममुलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । साथै श्रमिक मार्फत काम गरी ज्याला भुक्तानी गर्ने गरी काम गराउनु पर्दछ । पालिकाले भौ.नं. २२३।०८१।३।२३ बाट वडा नं १० को विभिन्न संघ संस्थाहरु र स्थानहरुमा सरसफाई गरी काम सम्पन्न गरी १७ जना श्रमिकलाई ९२ दिन रोजगारी दिई रु.१०,४४,७५२।- भुक्तानी गरेको छ । एक्स्काभेसन कार्य ७८० परिमाण काम गरी रु.४६७।- को दरले रु.३,६४,२६०।- कार्य सम्पन्न बनाई भुक्तानी गरेकोमा काम गरेका फोटोहरु हेर्दा डोजर प्रयोग गरको देखिन्छ । पालिकाले श्रमिक मात्र प्रयोग हुने काम गराई रकम भुक्तानी गर्नुपर्नेमा डोजर प्रयोग गरी म्यानुअल काम गरेको भनि रकम भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ३,६४,२६० |
|---|---|

४४ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४५ **प्रशिक्षण भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१७,६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१७,६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१६,३२०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाई निम्नानुसारको सोझै खरिद गरेको देखियो ।

| **गो.भौ.नं मिति** | **आपूर्तिकर्ता** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ५।८०।४।३० | मनकामना छापाखाना | कार्यलय सामान छपाई | ४३९५४५ |
| ८३।८०।६।११ | मनकामना छापाखाना | कार्यलय सामान छपाई | ९७२२८ |
| १०७।८०।६।२१ | न्यू मनकामना छापाखाना | कार्यलय सामान छपाई | १९५०३ |
| २१५।८०।७।२४ | न्यू मनकामना छापाखाना / मनकामना छापाखाना | कार्यलय सामान छपाई | ४७९४९ |
| ३०४।८०।९।१७ | न्यू मनकामना छापाखाना/सिद्धबाबा प्रेस प्रा.ली | कार्यलय सामान छपाई | १०९३१५ |
| ४६१।८०।११।२ | न्यू मनकामना छापाखाना | कार्यलय सामान छपाई | २३३४४ |
| ५०७।८०।११।२२ | न्यू मनकामना छापाखाना | कार्यलय सामान छपाई | ४६९३५ |
| ५३९।८०।१२।६ | मनकामना छापाखाना | कार्यलय सामान छपाई | २६४९८३ |
| ५८७।८०।१२।२६ | न्यू मनकामना छापाखाना | कार्यलय सामान छपाई | ३६३७६ |
| ६२१।८१।१।६ | मनकामना छापाखाना | कार्यलय सामान छपाई | ३६०९२ |
| ७५७।८१।२।११ | मनकामना छापाखाना | कार्यलय सामान छपाई | २८०८९ |
| ७५९।८१।२।११ | न्यू मनकामना छापाखाना | कार्यलय सामान छपाई | १९१०९ |
| ८५४।८१।३।४ | मनकामना छापाखाना/न्यू मनकामना छापाखाना | कार्यलय सामान छपाई | ११३४७९ |
| ८९८।८१।३।१७ | न्यू मनकामना छापाखाना/सिद्धबाबा प्रेस प्रा.ली | कार्यलय सामान छपाई | २६७३६ |
| ९०१।८१।३।१७ | मनकामना छापाखाना / मनकामना जनरल अर्डर सप्लायर्स | कार्यलय सामान छपाई | १२७१६६ |
| ९४९।८१।३।२१ | मनकामना जनरल अर्डर सप्लायर्स | कार्यलय सामान छपाई | ९८१७६ |
| **जम्मा** | | | **१५३४०२५** |

४७ **खेलकुद कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसंग सम्बन्धीत आवश्यक प्रमाण कागजात तथा खर्चको यर्थाथता झल्कने प्रतिवेदन सहितको कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले पालिका स्तर तथा वडा कार्यालय मार्फत विभिन्न प्रकारका खेलकुद कार्यक्रम सञ्चालन गरे वापत खेलकुद सामाग्री, खाना, खाजा, परिवहन,जर्सि, प्रमाणपत्र, पुरस्कार लगायतमा रु ७९,६९,९५०।- खर्च गरेको देखिएको छ । यसरी सञ्चालित अधिकांश कार्यक्रमहरु योजना विना नै

कार्यपालिकाको निर्णय गरी खर्च गरेको देखिएको छ । आगामी दिनमा सरकारी रकमको खर्चमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी सोही अनुरुप कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

### ४८ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ वटा बर्थिङ सेन्टरमा गत वर्षदेखिकै ७६ थान न्यानो झोला मौज्दात रहेकोमा २०७९।८० मा २४ जना र यस वर्ष २४ जना गरी ४८ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५२ थान न्यानो झोला भण्डारमा रहेको देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । वर्षौं अघि खरिद भएका त्यस्ता न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

### ४९ अनुगमन भत्ता

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

